# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/१९ गते

## प्रेस विज्ञप्ति

-----------------------------------------

आज मिति २०७४।०९।१९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री राजन खनालको अध्यक्षतामा आयोगका महाशाखा प्रमुखहरू एवं विभिन्न मन्त्रालयहरूका सम्पर्क व्यक्तिहरू (Focal Persons) को उपस्थितिमा सम्बद्ध निकायसँग सम्बन्धित आयोगको निर्णय कार्यान्वयनको अवस्थाबारे एक छलफल कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा तामेली तथा अनुगमन महाशाखा प्रमुखले विभिन्न मन्त्रालय सम्बद्ध निर्णय कार्यान्वयनको अवस्थाबारे प्रस्तुतिकरण गर्नुभएको थियो। साथै उक्त छलफल कार्यक्रममा सरिक हुंदै विभिन्न मन्त्रालयका सम्पर्क व्यक्तिहरूबाट आयोगको निर्णय कार्यान्वयनमा आईपरेका समस्याहरू अवगत गराउनुका साथै समस्या समाधानका लागि आयोगबाट हुनसक्ने संभाव्य र समन्वयका विषयहरूबारे आफ्ना भनाईहरू राख्नुभएको थियो।

छलफल कार्यक्रममा सचिव श्री राजन खनालले भ्रष्टाचार नियन्त्रणको संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा आयोगबाट भईसकेका निर्णयहरूको कार्यान्वयनका लागि विभिन्न मन्त्रालय/निकायहरूको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक भएको तथ्यप्रति सम्पर्क व्यक्तिहरूको ध्यानाकर्षण गराउनुभयो। उहाँले विभिन्न निकायहरूबाट आयोगको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा समस्याहरू आउनसक्ने भएपनि समस्याको समाधान गरी निर्णय कार्यान्वयन गर्नका लागि क्रियाशील रहन सम्पर्क व्यक्तिहरूलाई आग्रह गर्नुभयो। वहाँले आयोगमा परेका उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक सेवाप्रवाहमा सुधारको आवश्यकता रहेको समेत देखिएको हुँदा सुधारको प्रारम्भ सम्बन्धित निकायबाटै हुनुपर्ने कुरा औंल्याउनुभयो।

साथै आयोगको निर्णय कार्यान्वयनका सिलसिलामा आवश्यक सहजीकरण गर्नका लागि आयोग सदा तत्पर रहेको बताउनुहुँदै कतिपय निर्णयहरूको कार्यान्वयनका लागि आयोगबाट पत्राचार भएको निकायबाट अन्य निकायसँग समन्वय र सहकार्य हुन समेत जरुरी देखिएको हुँदा यस दिशातर्फ समेत पहलकदमी लिनुपर्नेमा जोड दिनुभयो। वहाँले सहजै कार्यान्वयन हुनसक्ने निर्णयहरूको कार्यान्वयनमा समेत अनपेक्षित विलम्ब भएको हुनसक्नेतर्फ सचेत गराउँदै आशातित परिणामका लागि सम्पर्क व्यक्तिहरूलाई आग्रह गर्नुभयो। आयोगको निर्णय कार्यान्वयन नगरी जिम्मेवारी पन्छाउने पदाधिकारीउपर कानूनबमोजिम कारबाही हुने भएकोले कार्यशैलीमा सुधार गर्नका लागि समेत निर्देशन गर्नुभयो।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता